Australian Government
Services Australia

NEPALI

# नव आगन्तुक बासिन्दाहरुको लागि प्रतिक्षा अवधि

यदि तपाइँ भर्खरै अष्ट्रेलियामा आइपुग्नु भएको छ भने, तपाइँले हाम्रो आय समर्थन भुक्तानीहरू र पारिवारिक भुक्तानीहरू प्राप्त गर्नुअघि सामान्यतया केहि समय पर्खनु पर्नेछ।

## प्रतिक्षा अवधि

तपाईंको परिवारको सदस्य यहाँ बसेको भए तापनि तपाईंलाई प्रतिक्षा अवधि लागू हुनेछ। यो प्रतिक्षा अवधिमा तपाईंले अस्ट्रेलियामा स्थायी भिसा लिएर बासिन्दाको रूपमा बिताउनुभएको कुनै पनि समयलाई मानिनेछ।

यो प्रतिक्षा अवधिमा, तपाईंले काम खोज्न मद्दतको लागि Workforce Australia वा Community Development Program मा दर्ता गर्न सक्नुहुन्छ। तपाईंले हाम्रो सेवा केन्द्रहरूमा उपलब्ध रोजगार खोज्नको लागि स्व-सहायता सुविधाहरू पनि प्रयोग गर्न सक्नुहुनेछ।

## प्रतिक्षा अवधिमा छुट (अपबाद)

Newly Arrived Resident's Waiting Period सधैं लागू नहुन सक्छ। उदाहरणका लागि, यदि तपाईं Australia's Humanitarian Programme अन्तर्गत शरणार्थीको रूपमा आउनुभयो भने।

## थप जानकारीको लागि

- अंग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au/newresidentswaiting** मा हेर्नुहोस
- **servicesaustralia.gov.au/yourlanguage** मा जानुहोस्, जहाँ तपाईले आफ्नै भाषामा पढ्न, सुन्न वा भिडियो जानकारी हेर्न सक्नुहुनेछ
- Centrelink भुक्तानी र सेवाहरूका लागि आफ्नो भाषामा कसैसँग कुरा गर्न **131 202** मा फोन गर्नुहोस्।
- Medicare का लागि **132 011** मा फोन गर्नुहोस् र तपाईंलाई दोभाषे चाहिएमा हामीलाई थाहा दिनुहोस्। हामी नि: शुल्क दोभाषेको व्यवस्था गर्नेछौं।
- Child Supportका लागि **131 272** मा फोन गर्नुहोस् र तपाईंलाई दोभाषे चाहिएमा हामीलाई थाहा दिनुहोस्। हामी नि: शुल्क दोभाषेको व्यवस्था गर्नेछौं।
- सेवा केन्द्रमा जानुहोस्।

टिप्पणी: अष्ट्रेलियाको जुनसुकै ठाउँबाट तपाईंको घरको फोनबाट '13' नम्बरहरूमा फोन गर्दा निश्चित दरमा शुःल्क लाग्नेछ। त्यो दर एक स्थानीय फोनको मूल्य भन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरू बीच पनि भिन्न हुन सक्दछ। तपाईंको घरको फोनबाट '1800' नम्बरहरूमा फोनहरू निःशुल्क छन्। सार्वजनिक र मोबाइल फोनबाट फोन गर्दा लागेको समयको लागि उच्च दरमा शुल्क लाग्न सक्दछ।

## अस्वीकरण

यस प्रकाशनमा समावेश जानकारी भुक्तान र सेवाहरूको लागि गाइडको रूपमा मात्र हो। यदि तपाईं भुक्तानीको लागि आवेदन दिन चाहानुहुन्छ र तपाईंको विशेष परिस्थितिहरूको सन्दर्भमा आवेदन दिन चाहनुहुन्छ भने यो निर्णय गर्ने तपाईंको जिम्मेवारी हो।

# Waiting periods for newly arrived residents

If you recently arrived in Australia, you will generally have to wait some time before you can get most of our income support payments and most family payments.

## Waiting period

A waiting period will apply to you even if you have a family member living here. This waiting period will consider any time you have spent in Australia as a resident with a permanent visa.

During this waiting period, you can register with Workforce Australia or the Community Development Program to help find work. You can also use the employment self-help facilities available in our service centres.

## Exemptions to the waiting period

The Newly Arrived Resident's Waiting Period may not always apply. For example, if you arrive as a refugee under Australia's Humanitarian Programme.

## For more information

- Go to **servicesaustralia.gov.au/newresidentswaiting** for more information in English
- Go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch videos with information in your language
- For Centrelink payments and services call **131 202** to speak with someone in your own language.
- For Medicare call **132 011** and let us know if you need an interpreter. We will arrange one for free.
- For Child Support call **131 272** and let us know if you need an interpreter. We will arrange one for free.
- Visit a service centre.

Note: calls from your home phone to '13' numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to '1800' numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

### Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It's your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.